## बलात्कारका ...

सकेको छैन। बलात्कारलगायत सबै मुद्दामा कानूनको कार्यान्वयन गराउनमा नेपाल प्रहरी र सरकारी वकिलको सबैभन्दा ठूलो भूमिका हुन्छ। उनीहरूले कसरी मुद्दा अगाडि बढाउँछन् पीडितले पाउने न्याय त्यसमा भर पर्छ। प्रहरीले एफआइआर (पहिलो जानकारी रिपोर्ट) नै दर्ता नगर्ने अनौठो चलन हामीकहाँ छ। कसैले जसलाई किटानी जहेरी दिए पनि दर्ता गर्नुपर्छ। को सही, को गलत भन्ने छानविन गर्दा थाहा हुने कुरा हो, थाहा भइहाल्छ। तर, कतिपय मुद्दामा फलानाको नाम हटाएर ल्याउ अनि मात्रै दर्ता हुन्छ भनेर किटानी जाहेरी नै दर्ता गरिँदैन। त्यसपछिका प्रक्रियाहरूमा पनि संवेदनशीलता अपनाएको पाइँदैन।

धनकुटाकी महिलामाथि भएको घटनामा मुद्दा अगाडि बढाउन २४ दिन म्याद छँदैछ भनेर पर्खिनै नपर्ने हो। उनको मुद्दाको संवेदनशीलता हेर्दा 'फास्ट ट्र्याक'बाट न्यायिक प्रक्रिया अगाडि बढ्नुपर्ने हो, तर त्यस्तो हुन सकेको छैन। हाम्रो कानूनले गरेको परिभाषाअनुरूप उनी अपराधी नभई पीडित हुन्। उनले पाउने न्यायले महिलालाई कुनै पनि बेला जे पनि गर्न सकिन्छ भन्ने मानसिकता बोकेका मानिसलाई झस्काउनेछ। बलात्कारमा पर्ने सबै महिलाले अपराधीलाई मार्न सक्ने अवस्था हुँदैन। हत्या गर्न नसक्नेहरूले आत्महत्या गर्नुपर्ने अवस्था पनि विद्यमान छ। समाजमा बलात्कारले डरलाग्दो रूप लिइरहेका बेला फास्ट ट्र्याकबाट थप सजायसहितको कानून ल्याउन जति जरुरी छ, भइरहेको कानूनको तीव्र कार्यान्वयन पनि त्यत्तिकै आवश्यक छ।

# घरमै बसी तिहार, छठ, कार्तिक शुक्ल पूर्णिमा लगायतका चाडपर्व मनाउन आग्रह

**मनोज बनैता**



सिरहा। जिल्ला प्रशासन कार्यालय सिरहाले सुचना जारी गर्दै शान्तिपुर्ण रुपले घरमै बसी तिहार, छठ, कार्तिक शुक्ल पूर्णिमा लगायतका चाडपर्व मनाउन आग्रह गरेका छन। कोभिड (१९ समुदायस्तरमा फैलिएको हुँदा चाडपर्वमा हुने भिडभाडले अवस्था झन जटिल बन्न सक्ने भन्दै सिडियो प्रदिप कनेलले सिरहावासीलाई संयमित रहि पर्व मनाउन अनुरोध गरेका हुन। जारी गरिएको सुचना अनुसार तिहार र छठमा पटाखा जस्ता विस्फोटक पदार्थ तथा प्रज्जवलनशिल पदार्थको प्रयोगलाई निषेध गरिएको छ।

जारी सुचना अनुसार दिपावलीमा दिप, लाईटर, सलाई जस्ता आगोजन्य वस्तु बालबालिकाबाट टाढा राख्न समेत अनुरोध गरिएको छ। त्यसैगरी मादक पदार्थको अवैध कारोबार, जुवा(तास माथि प्रतिबन्ध लगाईएको छ। पर्वको बेला सडक दुर्घटना पनि अत्यधिक हुने हुँदा बालबालिकालाई सवारी चलाउन नदिन र लाईसेन्स भएकहरुलाई समेत ट्राफिक नियमको पालना गरी गाडी चलाउन निर्देश गरिएको छ। समग्रमा सिरहावासीलाई जनस्वास्थ्य र सुरक्षाका मापदण्ड तथा प्रोटोकलको अवलम्बन गर्न भनिएको छ। सुरक्षा संग सम्बन्धित कुनै जानकारी भएमा तुरुन्त नजिकको प्रहरी निकाय वा फोन गर्दा पैसा नलाग्ने नेपाल प्रहरीको १०० नम्बर र सशस्त्र प्रहरी बल न. ७ गणको सुचना अधिकारीको मो. न. ९८५२८७५५७५ मा सम्पर्क गर्न भनिएको छ।

## लक्ष्मीपुर पतारी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### महेशपुर पतारी, सिराहा

## करारमा कर्मचारी आवश्यक्ता सम्वन्धी सुचना

**(प्रथम पटक प्रकाशित मितिः- २०७७।०७।२०)**

यस लक्ष्मीपुर पतारी गाउँपालिका अन्तर्गत अस्पतालमा तपशिल बमोजिमका कर्मचारी करारमा राख्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम योग्य नागरिकहरुले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरएको छ। रित नपुगी वा म्याद नाघेर आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

| क.सं | विज्ञापन नं. | पद | संख्या | नियुक्तिको किसिम | दरखास्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | मेडिकल अधिकृत | १ | करार | १०००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उतिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको |
| २ | २/२०७७/०७८ | स्टाफ नर्स | २ | करार | ७००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL Nursing उतिर्ण गरी नेपालनर्सिङ परिषदमा दर्ता भएको |
| ३ | ३/२०७७/०७८ | कार्यालय सहयोगी | १ | करार | ३००।- | सामान्य लेखपढ |

**१.आवेदन फारमः** लक्ष्मीपुर पतारी गाउँपालिकाको कार्यालय वा गा.पा. को वेभसाईट www.laxmipurpatarimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**२.दरखास्त दिने अन्तिम मितिः** सुचना प्रकासित भएको मिति देखि १५ दिन (२०७७०८।०४) सम्म। लक्ष्मीपुर पतारी गाउँ कार्यपालिकाको कार्यालय, महेशपुर पतारी, सिराहा।

**३.आवेदन बुझाउने स्थानः** लक्ष्मीपुर पतारी गाउँ कार्यपालिकाको कार्यालय, एन.सि.सि. बैंक शाखा खार्यालय लक्ष्मीपुर पतारी स्थित आन्तरिक राजस्व खाता नं. १४३०००००२२५०१ मा दस्तुर जम्मा गरि सोको सक्कल भौचर निवेदन साथ संलग्न राखि पेश गर्नु पर्नेछ।

**४.छनौटको किसिमः** अन्तरवार्ता

**५.परीक्षा मितिः** फारम बुझाउने अन्तिम मिति पछि तोकिनेछ।

**६.पारिश्रमिक तथा सेवा सुविधाः** नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**७.करार अवधिः** हाललाई तिन महिना। सो पछि करार अवधि थप हुन सक्नेछ।

**८.आवश्यक कागजातहरुः** आवेदन फारम, नागरिक्ताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपी, काउन्सिल दर्ता भएको प्रतिलिपी, तालिम तथा अनुभवका प्रमाणपत्रको प्रतिलिपी, हालैसालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति। पेश गरिने सबै कागजातहरुको पछाडि उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ।

**९. उमेरको हदः** लोक सेवा आयोगले तोके बमोजिम।

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner